नेपाली इसाई मण्डली

सूचनापत्र

मासिक

जेष्ठ/आषाढ २०७४ (June 2017) वर्ष २१/अङ्क २४३

परमेश्वर विश्वासयोग्य हुनुहुन्छ

– नेइम जोरपाटी चर्च

"आँखाले नदेखेका र कानले नसुनेका र मानिसको मनमा नसोचेका यी नै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूका निम्ति तयार पार्नुभएको छ" (१ कोरिन्थी २:९)।

विश्वासको आँखा उठाएर हेर्नु हामीहरूको निम्ति अति उच्च आवश्यक आधार स्थल हो। हरेक काम सम्पन्न गर्न वा निरन्तर लागिपर्न जगको खाँचो पर्दछ। हाम्रो विश्वासको जग कस्तो जगमा बसाएका छौं ? हाम्रो विश्वास बालुवामाथि घर बनाएजस्तो छ कि चट्टानमाथि बनाएको घरजस्तो छ ? प्रभु येशू आफैले भन्नुभयो, उहाँको वचन सुनेर पालन गर्ने व्यक्ति बुद्धिमान मानिस हो (मत्ती ७:२४)।

जब येशू संसारमा आउनुभो सारा संसारको प्रभु भई जन्मनुभयो। असल खबरको जन्म भयो र हरेक आँखा, कान र हात असल कुराले भरियो। सुन्नेहरूको हृदय कोमल भए, देख्नेहरू आश्चर्य चकित भए र छुनेहरूले उद्धार पाए। जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र जो सुनिन्छ त्यो खीष्टको प्रचारबाट आउँछ (रोमी १०:१७)। विश्वास एउटा तुँवालो भित्रको सुन्दर बस्तीको चित्र हो अर्थात् तुँवालो लाग्दैमा त्यहाँ शुन्यता छ भन्ने हुँदैन किनकि तुँवालो पछाडि पनि परमेश्वरको सृष्टि छ भनी विश्वास गर्नु हो।

विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ किनकि जो परमेश्वरको नजीक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ (हिब्रू ११:६)। विश्वासचाहिँ आशा राखिएका कुराको निश्चय र नदेखिएका कुराको दृढ भरोसा हो (हिब्रू ११:१)। विश्वास कुनै व्यक्ति वा वस्तुमा निर्भर र भरोसा गर्नु हो। सायद हामीले त्यो विश्वासको कुना देखेका छैनौं र अङ्कल गर्न सकेका छैनौं। हामीमा भएको त्यो विश्वासको अमूर्त कुनालाई परिचालन गर्नु आवश्यक छ।

नेइम जोरपाटी मण्डली परमेश्वरको आराधनामा मग्न भएको मण्डली हो। आराधना भन्नाले आफ्नो शक्ति भन्दा बाहिर वा बहुशक्ति भएको व्यक्तिको गुणगान गाउनु, नारा लगाउनु, कृतज्ञता व्यक्त गर्नु साथै उहाँमा एकाग्रह भई धन्यवादी हुनु हो। हृदयद्वारा आउने आदर हो। को धन्यवादी हुनसक्छ ? जसको इच्छाहरू पूरा भएका छन् र जो रमाउन सकेका छन् (भजनसंग्रह ३७:४)। परमप्रभुमा आनन्दित होऊ, र उहाँले तिम्रो मनोरथ पूर्ण गर्नुहुनेछ। परमेश्वर मानिसप्रति ऋणी हुनुहुन्न। उहाँले हामीलाई आवश्यक सबै भौतिक र आत्मिक आशिष् दिइसक्नुभएको छ।

जोरपाटी मण्डलीको लागि विक्रम संवत २०६०-२०७२ सम्म Transit Period परिवर्तनको छलाङ्ग लिने अवधि भयो। यस समयमा मण्डलीमा धेरै प्रकारको उतावचढाव भयो। मण्डलीका गोठालाहरू बीच मनमुटाव भयो, अनुशासनमा रहनुपर्‍यो। मण्डली माउविनाको चल्ला भए। मण्डली ऋणमा रहनुपर्‍यो। चौतर्फी मण्डलीबाट चिन्ताको विषय भए, कतै पूर्वमा रहेको मण्डली मरेर जान्छ भन्ने अङ्कल आलोचकज्यूले बजारमा मूल्याङ्कन नगरेता पनि मनमा पक्कै प्रार्थनाको विषय बनाउनुभयो भन्ने मेरो व्यक्तिगत अनुमान छ। मण्डलीमा नयाँ पाहुनाका हातहरू देखिन छाडेका थिए। यति मात्र कहाँ हुनु मण्डलीबाट केही गुरुजन तथा विश्वासीहरू जोरपाटी मण्डलीदेखि पर सर्नुभयो। स्वचालित मण्डली भएकै कारण जोरपाटी मण्डलीमा आर्थिक चुनौतिका रेखाहरू कोरिए साथै धर्म परिवर्तन गर्ने स्थान भनी झूटा आरोपमा मण्डलीका पाष्टर, एल्डर र डीकनहरूलाई चौकीमा सफाइ दिन लगियो। सोझासिधा जनतालाई छक्याई, फकाई फुस्ल्याई धर्म परिवर्तन गराए, अन्य धर्म विरुद्ध दखल पुर्‍याउने कार्य गर्‍यो, नाबालकलाई भ्रममा राखेर पानीमा चोपे भन्ने मिथ्या आरोप जोरपाटी मण्डलीको इतिहासमा भए। यी सबै मिथ्या आरोप हुन् भनी महानगरीय वृत्त बौद्धबाट बाइज्जत मण्डलीका गुरुजनलाई रिहा गरिदिए।

मण्डलीको घटनालाई अध्ययन गर्दा अय्यूबको जीवनसँग तुलना गर्न मलाई सार्थक लाग्यो। के अय्यूब साँच्चिकै अधर्मी थिए ? जसको कारण ती सबै दुःख र विपत्तिहरू उनको जीवनमा भएका थिए ? कि हामीले आराधना गरेको परमेश्वर सर्वज्ञानी, सर्वव्यापी र सर्वशक्तिमान हुनुहुन्थ्यो ? कि अय्यूबको भविष्यको जीवन थाहा पाउनु भएन ? एकछिन विचार गरौं। अय्यूबको जीवनमा जस्तोसुकै उतावचढाव आएता पनि अय्यूबको पक्षमा परमेश्वर आफै साक्षी दिनुहुन्छ। "परमेश्वरको डर राख्ने, र दुष्ट कामबाट अलग रहने त्यो जस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरू कोही छैन" (अय्यूब १:८)। परमेश्वरमा निरन्तर भरोसाको कारण परमेश्वरले अय्यूबको सुदिन फर्काइ दिनुभयो, र तिनका सबै धन सम्पत्ति पहिलेको भन्दा दुई गुणा बढाइदिनुभयो (अय्यूब ४२:१०)।

मण्डली विश्वासमा निरन्तर स्थिर रहेको कारण जोरपाटी मण्डलीको सुदिन फर्काइदिनुभयो। जमीन खरिद गर्दा ऋण पर्‍यो, आराधनाको निम्ति भवन निर्माण गर्न लाग्दा छिमेकबाट विरोध आयो। नेइम पाष्टर झुण्डको प्रार्थना र परामर्श पश्चात् मण्डलीको निम्ति परमेश्वरद्वारा त्यस जमीनको क्षेत्रफल थोरै लाग्यो र उहाँको अनुग्रहमा त्यहाँबाट फैलिने दर्शन सहित १ रोपनी जमीन बिक्रीमा राखियो। केही समय पश्चात् जोरपाटीदेखि मात्र ५ किलोमिटरको दूरी डाँछीमा ३ रोपनी जमीनको प्रस्ताव आयो। हामीसँग भएको

शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

मिति	ज्ञानेश्वर	नगरकोट	सिर्जनानगर	ललितपुर	पनौती	गुरूजुधारा	भैंसेपाटी
जेष्ठ २७ June 10	पाष्टर सामुएल कार्थक	डीकनेस् रश्मिला तामाङ्ग	पाष्टर अशोक मुखिया	श्री स्टिफन राई	एल्डर रूबेन श्रेष्ठ	एल्डर घन श्याम दाहाल	श्री इन्द्र खालिङ
आषाढ ३ June 17	एल्डर सामुएल क्षेत्री	डीकन हरि थापा	एल्डर अर्जुन ढकाल	श्री भुवन देवकोटा	एल्डर श्रीलक्ष्मी सैंजु	डीकन रूद्र राई	श्री स्टिफन राई
आषाढ १० June 24	एल्डर घन श्याम दाहाल	एल्डर पूर्ण सुनुवार	एल्डर सुरेश पुर्कोटी	पाष्टर रोबर्ट कार्थक	श्री सुक राम तामाङ्ग	श्री स्टिफन राई	श्री भिम खालिङ
आषाढ १७ July 1	पाष्टर सामुएल कार्थक पाष्टर रोबर्ट कार्थक	संयुक्त सेवा ज्ञानेश्वर चर्च	संयुक्त सेवा ज्ञानेश्वर चर्च	पाष्टर दफ्तन सादा	डीकन सिमोन भण्डारी	पाष्टर रोल्याण्ड रोंगोंग	एल्डर शरण राई

पुँजीको अलावा ३० देखि ३५ लाख रकमको चुनौति भयो । परमेश्वर यस विषमा जोरपाटी मण्डलीप्रति विश्वासयोग्य हुनुभयो साथै आर्थिक रकम जुटाइदिनुभयो । "मसँग माग, र म जातिहरूलाई तिम्रो उत्तराधिकार तुल्याउनेछु र समस्त पृथ्वी तिम्रो निजी सम्पत्ति तुल्याउनेछु" (भजनसंग्रह २:८) । हाम्रो प्रार्थनामा परमेश्वरद्वारा सहमति भई २०७३/७४ सालमा जोरपाटी मण्डलीले ३ रोपनी जमीन किन्न सक्यो । विधवाको पोल्टो कहिल्यै नरित्त्याउनुभएझैं हरेक विश्वासीको ढुकुटी रित्तिन दिनुभएन । मण्डली परिवारले जमीन खरिदमा हृदय खोलेर धन सम्पत्ति दिनुभयो । धन्य दयावन्तहरू, किनभने तिनीहरूले दया पाउनेछन् । धन्य धार्मिकताको निम्ति भोकाउने र निर्खाउनेहरू, किनभने तिनीहरू तृप्त हुनेछन् (मत्ती ५:६-७) ।

मण्डलीको सुदिन फर्काइदिनुभयो पहिले भन्दा दुई गुणा धन सम्पत्ति बढाइदिनुभयो । मण्डली विश्वासमा जिउन सक्यो । पुन:स्थापनाको वर्ष जोरपाटीको निम्ति साबित भयो । सबै सलहले खाएको दिनहरू फकाइदिनुभयो । जोरपाटीको मण्डली भवनको लागि जमीन १ बाट बढेर ३ रोपनी भयो । जहरसिंहपौवा भवन पुन: निर्माण जस्ता पाताबाट पक्की दुई तल्ले भवनमा स्थानतरण भयो । गाम्छा मण्डलीको निम्ति स्थानीय विश्वासीद्वारा जमीन उपलब्ध भयो र उपत्यकाको नेइम मण्डली, व्यक्तिहरू र संस्थाबाट आर्थिक सहयोगमा दुई तल्ले आराधना भवन निर्माण सम्पन भयो । सुन्दरीजलमा भौतिक संरचनाको साथै सुन्दरीजल माथिका गाउँहरू मुलखर्क, चिलाउने, ओखेनी, गागलफेदी, नुवाकोटसम्म आउटरीच कार्यक्रम बढाइदिनुभयो । २०७४ वैशाख १ गते मण्डली परिवार पुरुष झुण्डको संयोजकत्वमा उपरोक्त गाउँहरूमा प्रार्थना पदयात्रा र सुसमाचार प्रचार कार्यक्रम सम्पन्न भयो । साँखुमा मण्डली भवन निर्माण कार्य सम्पन्न भयो । १० वर्षको लागि स्थानीय विश्वासीको जमीन उपलब्ध भयो । उक्त भवन निर्माणमा परिवार लगायत विभिन्न संस्था र व्यक्तिबाट आर्थिक सहयोग प्राप्त भयो । आराधना सेवामा जोरपाटी, जहरसिंहपौवा, गाम्छा, सुन्दरीजल र साँखुमा गरेर हरेक शनिबार न्यूनतम कुल सहभागी संख्या ७०० देखि ८०० विश्वासीसँग भइरहेको छ भने गत वर्ष बडादिन अर्थात् खीष्ट जत्मोत्सव प्रेम भोज कार्यक्रममा १३०० देखि १५०० जनालाई सहभागी गराउन मण्डली सफल भयो ।

नेइम जोरपाटी मण्डलीको पालको डोरी फैलिँदै गएको छ । सुरक्षित क्षेत्रको रेखा तोडिँदै मण्डलीदेखि बाहिर गएर काम गर्ने मौका प्रभुले हामीलाई दिनुभएको छ । मण्डली घर हो । घरमा सबै सदस्यहरू सुरक्षित महसुस गर्दछन् । एवम् रीतमा मण्डली सुरक्षित घर भएको छ । मण्डली प्रभुमा उद्धार पाएकाहरूको निम्ति खीष्टमा गर्व गर्ने घर भएको छ । अगुवाले विश्वासीको वास्ता पुऱ्याएको छ र विश्वासीहरू आदर र भयमा रहनुभएको छ । करले होइन तर स्वेच्छाले, धनको लोभले होइन तर उत्साहसाथ, तिमीहरूको जिम्मामा रहेकाहरूमाथि अधिकार जमाएर होइन तर बगालको निम्ति उदाहरण भएर अगि बढ्दै बाइबलीय नमूना मण्डली आजको दिनसम्म आइपुग्न उहाँको अनुग्रह मिलिरहेको छ (१ पत्रुस ५:२-४) ।

अन्त्यमा, जोरपाटी मण्डलीलाई दोष मुक्त, ऋण मुक्त र लाज मुक्त भई जिउन सर्वशक्तिमान परमेश्वरको अनुग्रह मिलेको छ । परमेश्वरका सन्तगणप्रति भौतिक, आर्थिक र आत्मिक तवरमा सहायता पुऱ्याउनुभएका व्यक्ति, संस्था, शुभचिन्तक, प्रार्थनाका योद्धा, साथै गुरुजन र परमेश्वरमा सधैँसधैँ धन्यवादी भएका छौं अनि भइरहनेछौं । साक्षी बनौं जीवन बाँडौं । परमेश्वरले हामी सबैलाई यस्तो कार्यमा अनुग्रह गरून् । धन्यवाद ।

हार्दिक बधाई

इभान्जलिकल प्रेस्बेटेरियन थियोलोजिकल सेमिनारीमा नेइम गुरुजुधारा मण्डलीको सदस्य श्री रञ्जित मगरले २०७४ जेष्ठ ११ गते/मे २५ तारिख बी.टी.एच.मा दीक्षित हुनुभएकोमा नेइम मण्डली परिवारबाट हार्दिक बधाई ज्ञापन गर्दछौं ।

जानकारी

१. वैशाख २३ गते/मे ६ तारिख शनिबार नेइम गोंगबूँ मण्डलीमा १ जनाको बाल अर्पण भयो ।

२. वैशाख २३ गते/मे ६ तारिख शनिबार नेइम ललितपर मण्डलीमा १ जना विश्वासीको समर्पण भयो ।

३. जेष्ठ ६ गते मे २० तारिख शनिबार लम्जुंग, पाचोक संगतिमा श्री शान्ता बहादुर गुरुंगलाई अगुवा अभिषेक गरियो ।

नयाँ बजार बस्नुहुने ज्ञानेश्वर चर्चको सदस्य श्री राम बहादुर नेपाली ५२ वर्षको उमेरमा वैशाख २९ गते/मे १२ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।

शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली								
मिति	**जोरपाटी**	**जहरसिंह पौवा**	**गाम्छा**	**सुन्दरीजल**	**साँखु**	**गोंगबूँ**	**धापासी**	**भंगाल**
जेष्ठ २७ June 10	पाष्टर प्रेम श्रेष्ठ	एल्डर गोपी राई	एल्डर अष्ट श्रेष्ठ	एल्डर दानियल सापकोटा	एल्डर सागर थापा	पाष्टर रोबर्ट कार्थक	संयुक्त सेवा गोंगबूँ चर्च	डीकन संजय राई
आषाढ ३ June 17	पाष्टर रोबर्ट कार्थक	**संयुक्त सेवा जोरपाटी चर्च**				एल्डर सिमोन पाठक	श्री लेखनाथ पौडेल	श्री सुरेन्द्र सापकोटा
आषाढ १० June 24	श्री भुवन देवकोटा	पाष्टर प्रेम श्रेष्ठ	एल्डर सिमोन पाठक	एल्डर सागर थापा	श्री लेखनाथ पौडेल	एल्डर पिटर लिम्बू	एल्डर कर्ण बहादुर तामाङ्ग	एल्डर सिमोन खालिङ
आषाढ १७ July 1	एल्डर गोपी राई	डीकन लाक्पा लामा	श्री राज गुरूङ्ग	पाष्टर प्रेम श्रेष्ठ	एल्डर जमान घ्लान	पाष्टर बर्णबास श्रेष्ठ	एल्डर पिटर लिम्बू	संयुक्त सेवा गोंगबूँ चर्च

हार्दिक बधाई



वैशाख २४ गते/मे ७ तारिख आइतबार नेइम गोंगबूँ चर्चको सदस्यहरू श्री **निरज बोहोरा** र सुश्री **रीता पाण्डे**को नेइम गोंगबूँ चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **निरज** र **रीता बोहोरा**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



वैशाख २५ गते/मे ८ तारिख सोमबार नेइम ललितपुर चर्चको सदस्य श्री **गंगा राम न्यासूर** र नेइम दुई पिप्ले संगतिकी सदस्य सुश्री **सम्झना श्रेष्ठ**को नेइम ललितपुर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **गंगा राम** र **सम्झना न्यासूर**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

वैशाख २७ गते/मे १० तारिख बुधबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री **जन्मजय राई** र भरोसा आराधना चर्च, खोटाङ्ग दिक्तेलकी सदस्य सुश्री **सुष्मा राई**को आराधना बाप्तिस चर्च, खोटाङ्गमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **जन्मजय** र **सुष्मा राई**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

जेष्ठ ७ गते/मे २१ तारिख आइतबार नेइम ललितपुर चर्चको सदस्य श्री **प्रकाश राई** र नेइम गोंगबूँ चर्चकी सदस्य सुश्री **क्रिश्टिन राई**को नेइम ललितपुर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **प्रकाश** र **क्रिश्टिन राई**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



जेष्ठ १४ गते/मे २८ तारिख आइतबार नेइम ललितपुर चर्चको सदस्यहरू श्री **प्रदीप चौलागाईं** र सुश्री **एलिना के.सी.**को के.आई.एस.सी. स्कूलमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **प्रदीप** र **एलिना चौलागाईं**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

जेष्ठ १५ गते/मे २९ तारिख सोमबार नेइम धापासी चर्चको सदस्यहरू श्री **मति सिरल** र सुश्री **शान्ता नगरकोटी**को धापासी चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **मति** र **शान्ता सिरल**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

जेष्ठ १७ गते/मे ३१ तारिख बुधबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री **सन्तोष तामाङ्ग** र नदिपुर चर्च, पोखराकी सदस्य सुश्री **ज्योति ठकुरी शाही**को नदिपुर चर्च, पोखरामा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **सन्तोष** र **ज्योति तामाङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

जुलाई महिनाको कार्यक्रम

जेष्ठ २५ गते/जुलाई ९ तारिख आइतबार बिहान ९:०० बजे नेइम **परिषद्को बैठक** ज्ञानेश्वर चर्चमा ।

आषाढ १ गते/जुलाई १५ तारिख बिहीबार **महिला उपवास प्रार्थना** आ-आफ्नै चर्चमा ।

आइतबार Sunday	२१ 4 सबै विश्वासीहरू सबै परिस्थितिमा प्रभुमा स्थिर रहन सकून् भनी प्रार्थना गरिदिऔं। हिब्रू १२:१-३, याकूब १:२-४	२८ 11 सेवा संगतिहरूमा सुनेका, पढेका वचनमा आज्ञाकारी हुन सकौं । १ शमूएल १५:२२-२३	४ 18 शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वासयोग्यताका साथ सधैं हेरचाह गरिरहन सकून् । एज्रा ७:१०, भजनसंग्रह ७८:७०-७२	११ 25 नेइम परिषद्का गुरुजनहरूले परमेश्वरको इच्छामा पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोऱ्याउन सकून् । जकरिया ४:६, प्रेरित २०:२८
सोमबार Monday	२२ 5 हामी कोही पनि संसारसँग एकै चालको भएर दोहोरो जीवन जिउनेहरू नहोऔं । रोमी १२:२, कलस्सी ३:१०	२९ 12 हामी परमेश्वरका छोराछोरीहरू सधैं दूधे बालकझैं नहोऔं तर बढेका छोराछोरी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं । १ कोरिन्थी १३:११, हिब्रू ५:११-१४	५ 19 प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना लागिपर्न सकौं । प्रेरित ११:२१-२६, तीतस २:११-१४	१२ 26 परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाईबाट दशांश साथै अन्य भेटी चढाउने काममा सधैं इमान्दार भइरहन सकौं । २ कोरिन्थी ९:६-७,११
मंगलबार Tuesday	२३ 6 अधुरो परिवारमा रहेकाहरू साथै प्रभुको खातिर दुःख कष्टमा परेकाहरूको लागि प्रार्थना गरिदिऔं । यूहन्ना १६:३३, १ पत्रुस ४:१२-१६	३० 13 मंगलबार हुने आत्मिकी तथा चंगाई सेवाद्वारा मण्डलीमा जागृति, चंगाई, छुटकारा आत्माको नविकरण, ताजापन, उत्साह, चिन्ह र आश्चर्यकर्म देख्न सकौं । भजनसंग्रह ३०:११-१२, यशैया ३५:३-७	६ 20 प्रतिज्ञा गरिएको आशिष् प्राप्त गर्नको लागि विश्वासको पाइला अघि बढाउँदै जान सकौं । यहोशू १:२-९	१३ 27 मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन एकअर्का र मण्डलीको लागि आशिष्मय बन्न सकून् । गन्ती ६:२४-२६, रोमी १६:१-४
बुधबार Wednesday	२४ 7 सबै घरेलु संगतिहरूमा वचनबाट सिक्दै सिकाउँदै साथै एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठता सबै विश्वासीहरूमा अझ बढेर गएको होस् । एफिसी ४:११-१६	३१ 14 प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी र गवाही भएर जिउन सकून् । हितोपदेश ११:३०, तीतस ३:१-८	७ 21 येशू प्रभुलाई विश्वास गर्नेहरू केवल विश्वासीहरू मात्र होइन तर ख्रीष्टको साक्षी भएर जिउन सकून् । मत्ती ५:१६, एफिसी ५:८-१८	१४ 28 मण्डलीका सबै विश्वासीहरू परमेश्वरको इच्छाअनुसार जिउनको लागि पवित्र आत्माको सहायता मागिदिऔं । मत्ती ६:१०, एफिसी ५:१५-२१
बिहीबार Thursday	२५ 8 मण्डलीका सबै बालबालिकाहरूको लागि आशिष् गरिदिऔं । यशैया ६१:९	१ आषाढ 15 उपवास प्रार्थनामा चढाइएको प्रार्थनाद्वारा सबै क्षेत्र अझ आशिषित् हुन सकून् । मत्ती ७:७-११	८ 22 मण्डली साँचो आराधना गर्नेहरू भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकून् । यूहन्ना ४:२३-२४, एफिसी ५:२०	१५ 29 प्रत्येक परिवारमा प्रभुलाई पाहुना होइन तर सधैं प्रभु मानेर आदर गर्नेहरू हुन सकून् । भजनसंग्रह १२८:१-४
शुक्रबार Friday	२६ 9 शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै आत्मिकी रूपमा बढ्दै जान सकून् । प्रेरित २:४२-४७	२ 16 विभिन्न विचार लिएर मण्डलीमा पहिलो पल्ट आउनुहुने प्रत्येक जो-कोही पनि परमेश्वरको वचनद्वारा परिवर्तन भएको होस् । हिब्रू४:१२-१४, इजकिएल ११:१९-२०	९ 23 प्रत्येक शनिबार मण्डलीमा पहिलो पल्ट आउनुहुने सबैले ख्रीष्ट प्रभुले दिनुहुने पाप-क्षमा र सितैको मुक्ति विश्वासद्वारा ग्रहण गर्न सकून् । यूहन्ना ३:१६-१६	१६ 30 आराधना सेवामा सबैजना आराधना गर्न वचन सुन्न र आज्ञाकारी हुन हृदयको तयारीको साथ आउन सकून् । भजनसंग्रह ११९:१६२-१७५
शनिबार Saturday	२७ 10 व्यक्तिगत, पारिवारिक र सामूहिक रूपमा चढाएको प्रार्थनाको पाएको उत्तर साथै नपाएका उत्तरमा पनि हामी सबै धन्यवादी हुन सकौं । रोमी ८:२८	३ 17 विभिन्न देशहरूमा काम, पढाइ तथा अन्य कारणले जानुभएकाहरूको लागि सुरक्षा र सबै कुराहरूमा परमेश्वरको आशिष् मागिदिऔं । भजनसंग्रह १२१:१-८	१० 24 परमप्रभु परमेश्वरले यो वर्षभरि मण्डलीलाई साथै मण्डली बाहिरको क्षेत्रमा पनि दिनुभएको प्रशस्त आशिष्को लागि उहाँलाई महिमा दिऔं । भजनसंग्रह ५०:२३	१७ July 1 मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा, बाइबल अध्ययन आदि सेवा संगतिहरूमा मण्डलीले यथासक्य भाग लिन सकून् । हिब्रू १०:२३-२६

जसको मन तपाईंमा अडिएको छ, त्यसलाई तपाईंले पूरा शान्तिमा राख्नुहुन्छ, किनभने त्यसले तपाईंमाथि भरोसा राख्छ। सदासर्बदा परमप्रभुमा भरोसा राख, किनभने परमप्रभु, परमप्रभु नै सनातनका चट्टान हुनुहुन्छ ।

यशैया २६:३-४